# सिन्धुपाल्चोक जिल्ला चौतारा साँगाचोकगढि नं. पा – ५ मा तीन तल्ले घरको छतबाट खसेर एकको मृत्यु

आज मिति २०७४।०४।२३ गते अन्दाजी दिउसो १३:०० बजेको समयमा जिल्ला सिन्धुपाल्चोक चौतारा साँगाचोकगढि नं. पा – ५ स्थित चौतारा बजारमा कमल बहादुर के.सी को घरमा डेरा गरी बस्ने जिल्ला उदयपुर त्रियुगा नगरपालिका घर भई जाईका नेपाल संस्थामा काम गर्ने कर्मचारी अन्दाजी बर्ष ४०/४५ को श्याम कुमार खड्का ट्वाईलेट जाने क्रममा अचानक तीन तल्ले घरको छतबाट अचानक खस्न गई घटना स्थलमा नै मृत्यु भएको खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय सिन्धुपाल्चोकबाट प्र.नि को कमाण्डमा अनुसन्धानको लागी टोली खटिई गएको, उक्त स्थान जिल्ला प्रहरी कार्यालयबाट एक किलोमिटर पुर्व पर्ने व्यहोरा यस जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्रमा प्राप्त भएको अवगत गराईन्छ।

स्रोत : जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्र, चौतारा साँगाचोकगढि नं.पा, सिन्धुपाल्चोक